बैठक संख्या - ६८

आज मिति २०७८।०५।१७ गते विहिवार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १ | श्री गुमानध्वज कुँवर | – अध्यक्ष |
| २ | श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष |
| ३ | श्री खीर बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री कृष्ण कुमार कार्की | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री चित्र बहादुर तामाङ | – सदस्य |
| १३ | श्री माया तामाङ | – सदस्य |
| १४ | श्री सानुमाया पहरी | – सदस्य |
| १५ | श्री उर्मिला वि. क.बराइली | – सदस्य |
| १६ | श्री सावित्रा अछामी | – सदस्य |
| १७ | श्री बालकृष्ण पहरी | – सदस्य |
| १८ | श्री शंकर नेपाली | – सदस्य |
| १९ | श्री ढाकाराम अर्याल | – सदस्य सचिव |

Scanned with CamScanner

प्रस्तावहरु

प्रस्ताव नः १ जनता माध्यमिक विद्यालयको कार्य सम्पन्न तथा कार्यदेश सम्बन्धमा ।

स्ताव नः २ भुम्लु गा पा वडा नः ४ को विद्युतिकरण सम्बन्धमा ।

प्रस्ताव नः ३ गाउँपालिकाको आ व ०७८।०७९ मा सञ्चालन गरिने योजनाहरुको सम्बन्धमा ।

प्रस्ताव नः ४ एम्बुलेन्स सञ्चान गर्ने कार्यविधि २०७८ सम्बन्धमा ।

प्रस्ताव नः ५ विपद् व्यवस्थापन ऐन २०७४ संसोधन सम्बन्धमा ।

प्रस्ताव नः ६ भुम्लु आधारभुत अस्पालतमा मेडिकल अधिकृतको दरबन्दी थप गरी करार सेवा लिने र रेबिज भ्याक्सिन सञ्चालन सम्बन्धमा।

प्रस्ताव नः ७ भुम्लु गाउँपालिका वडा नः ८ मा रहेको हर्रबोट मुनिको तथा बन्देउ मुनिको बगर सागाँचोकगडी नगर पालिकाले ठेक्का लगाएको सम्बन्धमा ।

प्रस्ताव नः ८ दोलालघाट नौलेगाउँ डिपबोरिङ्ग खानेपानी योजनाको ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नः ९ सुरक्षित बसोबास वा पुन निर्माणका क्रम छुट भएका घरधुरीका लागि आवास निर्माणका लागी अनुदान दिने कार्यविधि २०७८ सम्बन्धमा ।

प्रस्ताव नः १० जिल्ला समन्वय समितिमा रकम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नः ११ छुट तलब भत्ता सम्बन्धमा ।

Scanned with CamScanner

निर्णय नः १ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः ६ मा रहेको जनता मा वि कोलाँतीमा आ व ०७४।०७५ मा २ कोठे ट्रस भवन निर्माणका लागी रु ७ लाख २५ हजार पठाएकोमा उक्त रकम बाट तोकिएको कार्य नगरी खाता रोक्का राखिएकोमा सो रकमबाट मिति २०७७।१२।०५ को वि व्य समितिको निर्णय अनुसार नव निर्मित भवन अगाडी मेसनरी वाल भुकम्पबाट क्षर्ति पुऱ्याएको भवनको वाल मर्मत रङ्ग रोगन प्लाँष्टर प्रकाश व्यवस्थापन कार्य गर्न निकासा रकमबाट कार्य गर्ने गरि यस गाउँपालिकाबाट प्राविधिक स्टमेट अनुसार कार्य गर्न स्वीकृत दिएकोले कार्य सम्पन्न भएको भनी विद्यालय व्यवस्थपानको निर्णय प्राविधिक मूल्याङ्कनका आधारमा कार्य सम्पन्न भएको देखिएकोले विद्यालको खातामा भएको रकम निकासा गरि योजना फरफारक गर्न शिक्षा विकास तथा समन्वय इकाईलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नः २ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः ४ मा रहेको श्री गाउँ स्तरीय विद्युतिकरण समिति चौबासमा रहेको समितिले २०७८ श्रावण मसन्त सम्म ५ लाख ६८ हजार ५ सय २९ रुपैया बक्यौता रकम भएकोले बक्यौता रकम ७ दिन भित्र भुक्तानी नगरेमा ने वि प्र विनियम अनुसार लाईने काटीने त्यसबाट उत्पन्न हुने परिस्थितीको समाना स्वयम संस्थालेनै व्यर्होनु पर्ने भन्ने व्यहोरा यस गाउपालिकामा प्राप्त भएकोले उक्त लेखिएको गाउँस्तरिय विद्युतिकरण समिति चौबासलाई पत्र सख्या २०७८।०७९ च नः ७६ मिति २०७८।०४।२७ गतेको पत्र अनुसार बाँकी वक्यौता तिरी अविलम्ब संस्थाको नविकरण गरी वडा नः४ को विद्युती सेवाग्राहीहरुलाई वत्तीबाट वञ्चित नगराइ अविलम्ब बाँकी वक्यौता रकम भुक्तानी गरी यस गाउँपालिकामा जानकारी गराउनका लागि गाउँ स्तरीय विद्युतिकरण समिति चौबासलाई पत्रचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नः३ माथी छलफल गर्दा यस भुम्लु गाउँको आ व ०७८।०७९ मा वडा स्तरमै प्राविधिक स्टमेट सहित सवै कागजात सम्बन्धित वडा बाट तयार गरी सम्झौता प्रकिया गत आ.वका जस्तै गरी गाउँपालिकामा छिटो मध्यमद्धारा पठाउन हुन सवैवडा सचिवहरुलाई प्राविधिक कर्मचारीहरुलाई जानकारी गराउने निर्णय पारित गरियो साथै योजनाहरु यथ्रासिग्रा सञ्चालन गर्ने निर्णय पारित गरियो ।

निर्णय न ४ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको एम्बुलेन्स सञ्चालन गर्ने कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय न ५ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका विपद् व्यवस्थापन ऐन २०७४ संशोधन सहित पारित गर्ने निर्णय पारित गरियो ।

निर्णय नः ६ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका द्धारा सञ्चाँलित भुम्लु आधारभुत अस्पतालमा मेडिकल अधिकृत १ जना करार सेवा लिने निर्णय गरियो । साथै भुम्लु आधारभुत अस्तपतालमा रेविज भ्याक्सिन सेवा थप सेवा विस्तार गर्ने निर्णय पारित गरियो ।

निर्णय नः ७ माथी छलफल गर्दा यस भुम्ल गाउँपालिका क्षेत्र भित्रको इन्द्रावती नदी किनारमा रहेको हर्राको वोटमुनिको बगर क्षेत्रमा यस गाउँपालिका क्षेत्रको बगर क्षेत्रमा गत आ व ०७७।०७८ मा ठेक्का लगाएको भनी पत्र प्राप्त भएकोमा सो सम्बन्धमा के भएको हो सम्बन्धित सागाँचोकगढी नगर पालिकालाई पत्रचार गर्ने निर्णय गरियो ।

निर्णय नः ८ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः १० आ व ७७।०७८ मा सञ्चालन गर्नका लागी नियमानुसार ठेक्का प्रक्रिया बाट कार्य गर्न दोलालघाट नौलेगाउँ डिपबोरिङ्ग खानेपानी योजनाको काम काज गर्न विश्वव्यापी फैलिएको कोरोना भाईरस तथा सुनकोशी तथा इन्द्रवति नदीमा

Scanned with CamScanner

आएको बाढीले गर्दा निर्माण कार्य गर्न नसकिने भनी इ जि कन्स्ट्रक्सनले निवेद्रन दिएकोले हालको कोरोना भाईस र इन्द्रवती नदीको बाढीले जोखिम भएकोले उक्त ठेक्का सम्झौता रद्द गरी ठेकेदारको धरौटी रकम समेत नियमानुसार फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नः९ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका कार्यालयमा पुननिर्माणका क्रम छुट भएको घरधुरी सम्बन्धमा आवास निर्माणका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नः १० यस भुम्लु गाउँपालिका वडा नः ३ बेखसिम्ले स्वास्थ्य चौकि मर्मत सम्भार गर्नु पर्ने भएकोले रु ३० लाख र भुम्लु गाउँपालिका वडा नः ६ मा रहेको जनता मध्यामिक विद्यालयलको भवन छेउमा वर्षाका कारणले पहिरो गएको कारणले जोखिम भएको सो पहिरो नियन्त्रणका लागी रु ५० लाख माग गर्ने निर्णि पारित गरियो साथै गाउँपालिकाबाट पनि स्वास्थ्य चौकी भवन र जनता मा विका लागी रकम व्यवस्था गरिने प्रतिवद्दता सहित निर्णय पारित गरियो ।

निर्णण नः ११ माथि छलफल गर्दा यस भुम्ल गाउँपालिका वडा नः ७ मा सञ्चाँलनमा रहेको भुम्लु आधारभुत अस्तपालतमा कार्यरत मेडिकल अधिकृत विपुल शर्माको मिति २०७८।०३।०२ को निर्णय नः ६ मा नियूक्ति भएको मिति देखि सुरु तलब स्केल बराबारको भत्ता उपलव्ध गराउने निर्णय भएकोमा आ व ०७७।०७८ मा भुक्तानी गर्न छुट भएकोले यस आ व ०७८।०७९ मा भुक्तानी गर्ने निर्णय पारित गरियो ।

Scanned with CamScanner